नेपाल राष्ट्र बैंक, वित्तीय जानकारी इकाईले सम्पत्ति शुद्धिकरण (मनी लाउण्डरिङ्ग) निवारण गर्ने सम्बन्धमा क्यासिनोलाई जारी गरेको निर्देशन

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
वित्तीय जानकारी इकाई
२०६६, मंसिर

सम्पत्ति शुद्धिकरण (मनी लाउण्डरिङ्ग) निबारण ऐन, २०६४ को दफा १० को उपदफा (३) तथा सम्पत्ति शुद्धिकरण निवारण नियमावली, २०६६ को नियम ७ ले दिएको अधिकार प्रयोग गरी वित्तीय जानकारी इकाईबाट क्यासिनोलाई देहाय बमोजिमको निर्देशन जारी गरिएकोछ ।

१. **आफ्नो ग्राहकको स्पष्ट पहिचान (Know Your Customer) कायम गरी सोको विवरण राख्नु पर्नेः**

(१) क्यासिनोले आफ्ना ग्राहकहरुको स्पष्ट पहिचान खुल्ने गरी अनुसूचि - १ बमोजिमको कागजात तथा विवरण लिई सोको अभिलेख राख्नु पर्नेछ ।

(२) क्यासिनोले अनुसूचि - १ मा उल्लिखित विवरणका अतिरिक्त आवश्यकता अनुसार अन्य सम्बन्धित कुराहरु थप लिन सक्नेछन् ।

(३) क्यासिनोले संलग्न अनुसूची - १ बमोजिमको कागजात लगायत ग्राहकले पेश गर्नु पर्ने अन्य कागजातहरु प्रमाणित गर्नको लागि क्यासिनो प्रमुख वा निजले तोकेको कुनै कर्मचारीलाई जिम्मेवारी दिई त्यस्ता कागजातहरु निजबाट प्रमाणित गरी राख्नु पर्नेछ ।

(४) क्यासिनोले अनुसूचि - १ बमोजिमको ग्राहकहरुको स्पष्ट पहिचान सम्बन्धी विवरण व्यवस्थित रुपमा राख्न सो बमोजिमको विवरण उल्लेख हुने गरी एक फारम तयार गरी ग्राहक तथा क्यासिनोको दुवैको दस्तखत हुने व्यवस्था मिलाउनु पर्नेछ ।

२. **ग्राहकले विवरण दिनु पर्नेः**

निर्देशन नं. १ बमोजिम क्यासिनोले आवश्यक विवरण माग्दा त्यस्तो विवरण उपलव्ध गराउने दायित्व सम्वन्धित ग्राहकको हुनेछ । जुनसुकै कारणले त्यस्तो विवरण नदिने वा दिन नसक्ने ग्राहकलाई क्यासिनोमा प्रवेशका लागि तत्काल इन्कार गर्न सक्नेछ । कुनै कारणले प्रवेश दिनुपर्ने अवस्था भएमा त्यस्ता ग्राहकसंगको कारोवारलाई शंकास्पद कारोवार मानी सोको विवरण अनुसूची - ३ बमोजिमको ढाँचामा वित्तीय जानकारी इकाइमा पेश गर्नु पर्नेछ ।

३. **सीमा वा सो भन्दा बढी रकमका कारोवारको विवरण दिनेः**

क्यासिनोले देहाय बमोजिमको सीमा वा सो भन्दा बढी रकमको कारोवारको विवरण अनुसूची - २ बमोजिमको ढाँचामा तयार गरी त्यस्तो कारोवार भएको मितिले सात दिन भित्र वित्तीय जानकारी इकाइमा पेश गर्नु पर्नेछ ।

(क) कुनै पनि व्यक्तिले एक पटक वा पटक पटक गरी एक दिनमा तीन लाख रुपैयाँ वा सो भन्दा बढीको रकमको खेल खेलेमा,

(ख) कुनै पनि व्यक्तिले एक पटक वा पटक पटक गरी एक दिनमा तीन लाख रुपैयाँ वा सो भन्दा बढीको क्यासिनो चिप मार्फत क्यासिनो चेक साटेमा ।

स्पष्टिकरणः "रकम" भन्नाले क्यासिनोमा हुने खेलको कारोवारमा प्रयोग वा उपयोग हुने भा.रु. वा परिवर्त्य विदेशी मुद्राको नगद वा त्यस्तो मुद्राको मुल्य जनित कार्ड, चिप्स, टोकन, क्वाइन, कुपन, विद्युतिय वा मौद्रिक उपकरण तथा त्यस्ता उपकरणको मुल्यलाई समेत जनाउनेछ ।

४. शंकास्पद कारोवारको विवरण पठाउनु पर्नेः

(१) शंकास्पद कारोवारको हकमा विवरण पठाउनका लागि रकमको कुनै सीमा रहने छैन । कसैले शंकास्पद कारोवार गर्ने प्रयास गरेमा वा सोमा कुनैपनि व्यहोराले सहयोग गरेमा समेत शंकास्पद कारोवारको सूचना दिनु पर्नेछ ।

(२) क्यासिनो सम्बन्धी काम कारोवार गर्ने संस्थाले ग्राहक वा निजको काम कारवाहीमा देहाय बमोजिमको अवस्था रहे भएको पाएमा त्यस्तो कुनै पनि कारोवारको सूचना अनुसूचि - ३ बमोजिमको ढाँचामा वित्तीय जानकारी इकाईलाई तत्काल दिनु पर्नेछः-

(क) रकम जम्मा गर्दा, कुपन दिँदा वा हिसाव मिलानको लागि रकम वा चेकको माध्यमबाट रकम फिर्ता दिँदा आवश्यक विवरण नदिएमा, विवरण गलत दिएमा वा दिन नचाहेमा,

(ख) आफूलाई उपलब्ध गराईएको विवरणसँग मेल नखाने प्रकृतिको रकम जम्मा गर्न खोजेमा वा रु दश लाख भन्दा बढी बराबरको रकम नगदमा ल्याएमा,

(ग) रकमको श्रोत नखोलेमा वा श्रोतको बारेमा चित्तबुझ्दो विवरण दिन नसकेमा,

(घ) एक भन्दा बढी ग्राहकहरुले एकै पटक रु तीन लाख भन्दा बढीको क्वाइन वा अन्य खेल साधन खरिद गरी एकै ठाउँमा मिसाइ खेली अन्तमा एकै व्यक्तिको नाममा रकम वा चेक माग गरेमा वा ठूलो रकम एक अर्का खेलाडीले साटासाट गरेमा,

(ङ) क्यासिनोमा अत्याधिक रकम खेल खेल्ने ग्राहक भएमा,

(च) कुनै ग्राहकले रु तीनलाख लाख भन्दा बढी रकम जित्दा समेत रु तीन लाख भन्दा कम रकम नगदमा भुक्तानी लिन चाहेमा वा बाँकी रकम पुनः त्यसै

गरी फिर्ता मागेमा वा खेल नखेली वा सामान्य खेल खेली ठूलो रकम फिर्ता मागेमा,

(छ) कुनै ग्राहकले ठूलो परिमाणको रकम जिती अन्य व्यक्तिलाई भुक्तानी गरी दिन अनुरोध गरेमा,

(ज) कुनै ग्राहकले फरक फरक नाम, ठेगाना वा विवरण दिएमा,

(झ) कुनै ग्राहकले पक्ष र विपक्ष दुवैमा बाजी थापेमा,

(ञ) नेपाल सरकारले आतंकवादी वा आपराधिक गतिविधिमा सम्लग्न भनि तोकिदिएका व्यक्ति वा अन्तर्राष्ट्रिय रुपमा संयुक्त राष्ट्र संघले बिभिन्न प्रस्ताव मार्फत आतंकवादी वा अपराधिको सूचीमा राखेका व्यक्ति ग्राहकको रुपमा आएमा वा त्यस्तो कार्यलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याउने देखिएमा,

(ट) आतंककारी गतिविधिमा संलग्न व्यक्ति, संगठन वा आपराधिक कार्यहरुसँग प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सम्बन्धित हुन सक्ने वा सोसंग सम्बन्धित अन्य कुनै पनि व्यक्ति खेल खेल्न आएमा,

(ठ) कुनै पनि किसिमले शंकास्पद देखिने कारोवार वा सम्पत्ति सुद्धीकरण गर्ने उद्देश्यले वा आतंककारी वा आपराधिक गतिविधिलाई प्रोत्साहन गर्ने गरी गरेको वा भएको देखिने वा शंका लाग्ने खेल भएमा,

(ड) कुनै गैर कानूनी काम गरी प्राप्त गरेको रकम जस्तो देखिएमा,

(ढ) कुनै पनि हिसावले अश्वाभाविक वा शंकास्पद देखिने खेल वा ग्राहकको त्यस्तो किसिमको व्यवहार भएमा,

(ण) कुनै ग्राहकले सीमा भन्दा बढी रकमको कारोवारको विवरण सम्बन्धित क्यासिनो मार्फत वित्तीय जानकारी ईकाइलाई उपलब्ध नगराउनका लागि क्यासिनोमा कार्यरत कुनै कर्मचारीलाई आर्थिक वा अन्य कुनै प्रलोभन देखाई प्रभावमा पार्ने प्रयास गरेमा वा अन्य कुनै गैर कानूनी कार्य गरेमा,

(त) शंकास्पद कारोवार गर्न प्रयास गर्ने व्यक्ति भएमा वा ग्राहकको सामान्य आर्थिक अवस्थाले गर्न संभव नदेखिने किसिमका कुनै पनि खेल खेलेमा वा खेल्न खोजेमा,

(थ) वित्तीय जानकारी इकाईले समय समयमा तोकेका अन्य कार्यहरु ।

(३) क्यासिनोले शंकास्पद कारोवार भनी वित्तीय जानकारी इकाईलाई दिएका जानकारीको छुट्टै पुस्तिका खडा गरी सोको प्रमुख वा निजले तोकेको पदाधिकारीबाट प्रमाणित गरी अभिलेख राख्नु पर्नेछ ।

५. **रकम भुक्तानीः**

कुनैपनि व्यक्तिले खेल खेली रु तीनलाख वा सो भन्दा बढी रकम जितेमा सोको भुक्तानी क्यासिनोले चेक वा विनिमेय उपकरणका अन्य माध्यबाट दिनु पर्नेछ ।

६. **जोखिमको वर्गिकरण तथा न्यूनिकरणः**

(१) क्यासिनोले आफ्ना ग्राहकहरुको कारोवारको मात्रा, प्रकृति र क्षेत्र हेरी ती कारोवारमा अन्तर निहित जोखिमलाई पहिचान गरी वर्गिकरण गर्नु पर्नेछ । यसरी वर्गिकरण गर्दा कम्तीमा देहाय बमोजिम गर्नु पर्नेछ :-

(क) अत्याधिक जोखिम भएका कारोवार

(ख) जोखिम भएका कारोवार

(ग) न्यून जोखिम भएका कारोवार

(२) उप-दफा (१) बमोजिम वर्गिकरण भएका कारोवारको समय समयमा पुनः समीक्षा गर्नु पर्नेछ ।

तर अत्याधिक जोखिम भएका कारोवारको भने प्रत्येक तीन तीन महिनामा समीक्षा गर्नु पर्नेछ ।

(३) उप-दफा (१) बमोजिम वर्गिकरण गर्दा अस्वभाविक किसिमका कारोवार गर्ने ग्राहक; राजनैतिक, व्यवसायिक, सामाजिक, वित्तीय, प्रशासनिक आदि क्षेत्रमा उच्च तहमा कार्यरत वा कार्य गरिसकेका व्यक्ति; अन्तरदेशीय कारोवार गर्ने व्यक्ति सम्पत्ति शुद्धिकरण र आतङ्कवादी क्रियाकलाप रोक्ने सम्बन्धमा आवश्यक मापदण्ड नअपनाएका देशका ग्राहक; तथा शंकास्पद कारोवारको आधार भएका ग्राहक तथा वित्तीय जानकारी इकाईले अत्याधिक जोखिम भएका कारोवार भनी तोकेका कारोवारलाई अत्याधिक जोखिम भएका कारोवार अन्तर्गत राख्नु पर्नेछ ।

(४) क्यासिनोले ग्राहकको शंकास्पद तथा अस्वाभाविक कारोवार वा सम्पत्ति शुद्धिकरणलाई रोक्ने संयन्त्रको निर्माण तथा सुधारका सम्बन्धमा घटिमा त्रैमासिक रुपमा छलफल गरी आवश्यक व्यवस्था कायम गर्नु पर्नेछ ।

७. **ऐन, नियम, निर्देशनको कार्यान्वयन गर्ने दायित्वः**

(१) क्यासिनोले सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निबारण ऐन, नियम वा सो अन्तर्गत जारी भएका निर्देशन, आदेश, परिपत्र तथा सम्बद्ध अन्य कानून बमोजिम विवरण तथा सूचना प्रदान गर्ने कार्य सुरक्षित स्थानमा गोपनियता कायम रहने गरी व्यवस्था मिलाउनु पर्नेछ । साथै सो भए नभएको सम्वन्धमा अनुगमन गर्ने जिम्मेवारी सो संस्थाका प्रमुखको हुनेछ ।

(२) क्यासिनोको प्रमुख वा निजले तोकेको उच्च पदाधिकारी सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निबारण ऐन, वित्तीय जानकारी इकाइको निर्देशन तथा यस सम्बन्धी अन्य प्रचलित कानून बमोजिमको कार्य गर्ने गरी फोकल प्वाइन्टको रुपमा रहने छ र निजको नाम, ठेगाना, सम्पर्क नम्वर, इमेल लगायतका विवरण वित्तीय जानकारी इकाईमा पठाउने कर्तव्य सोको प्रमुखको हुनेछ ।

(३) यस निर्देशन बमोजिम भए गरेका काम कारवाहीको बार्षिक प्रतिवेदन तयार पारी आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्र एक प्रति वित्तीय जानकारी इकाईमा पठाउनु पर्ने छ ।

८. **विवरण पठाउने पद्धतिः**

(१) क्यासिनो सम्बन्धी कारोवार गर्ने संस्थाले वित्तीय जानकारी ईकाइलाई दिनु पर्ने सूचना तथा विवरण कारोवारको प्रकृति बमोजिम अनुसूची - २ वा अनुसूची - ३ बमोजिमको ढाँचामा पेश गर्नु पर्नेछ ।

(२) वित्तीय जानकारी इकाईलाई पेश गर्नु पर्ने सूचना वा विवरण पत्र वा फ्याक्स, ईमेल जस्ता विद्युतीय संचार माध्यमबाट वित्तीय जानकारी इकाईलाई प्रदान गर्न सकिनेछ । फ्याक्स, ईमेल जस्ता माध्यमबाट जानकारी प्रदान गरिएको भएमा तत्काल अन्य माध्यमबाट सोको पुष्टी गर्नु पर्नेछ ।

(३) वित्तीय जानकारी इकाईलाई दिइएको विवरणमा कुनै कुरा छूट भएमा वा त्यस्तो कारोबार गर्दाका समयमा सम्बन्धित व्यक्तिले पेश गरेको विवरण वा जानकारी भन्दा फरक विवरण वा जानकारी पछि प्राप्त भए सोको जानकारी वित्तीय जानकारी इकाईलाई तुरुन्त दिनु पर्नेछ ।

(४) यस निर्देशन अनुरुप तयार पारिएको ग्राहकको विवरण तथा वित्तीय जानकारी ईकाइमा पठाएको सूचनाको विवरण पाँच बर्षसम्म सुरक्षीत राख्नु पर्नेछ ।

९. **आन्तरिक निर्देशिका:**

(१) सम्पत्ति सुद्धिकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, नियम तथा यस निर्देशनको अधिनमा रही क्यासिनोले सम्पत्ति सुद्धिकरण तथा आतङ्ककारी कार्यमा हुने वित्तीय लगानी रोक्न, जोखिम नियन्त्रण, आन्तरिक नियन्त्रण, ग्राहकको उपयुक्त पहिचान, जानकारी व्यवस्थापन, अभिलेख, शंकास्पद कारोवार पहिचान तथा दिनु पर्ने सूचना विवरण एवम् ऐन, नियम, निर्देशनको पालना सम्बन्धमा आवश्यक निर्देशिका बनाई लागू गरी सोको प्रतिलिपी सहितको जानकारी वित्तीय जानकारी इकाईलाई पठाउनु पर्नेछ । यस्तो निर्देशिकामा आफ्नो ग्राहकको पहिचान सम्बन्धी कार्यविधि, ग्राहक स्वीकार प्रक्रिया, ग्राहकको परिचय गर्ने प्रक्रिया, ग्राहकको कारोवारको अनुगमन प्रक्रिया र जोखिम व्यवस्थापन प्रक्रिया जस्ता विषय समेत उल्लेख हुनु पर्नेछ ।

(२) क्यासिनो सम्बन्धी कारोवार गर्ने संस्थाले ग्राहक पहिचानका सम्बन्धमा आफ्नो व्यवसायसंग सम्बन्धित अन्तर्राष्ट्रिय संघ संस्थाले तय गरेका मार्ग निर्देशनहरु समेत प्रयोग गर्न सक्नेछन् र यसरी तय गरेका मार्ग निर्देशनहरु लागू गर्दा सोको जानकारी तथा मार्ग निर्देशनको एक प्रति वित्तीय जानकारी इकाईलाई उपलब्ध गराउनु पर्नेछ ।

१०. **जानकारी तथा तालिम:**

क्यासिनोले सम्पत्ति शुद्धीकरण तथा आतंककारी गतिविधीमा हुने लगानी नियन्त्रण गर्न आवश्यक पर्ने सम्पूर्ण कुराहरुको आन्तरिक व्यवस्थापन गर्ने तथा सो कार्यका लागि आफ्ना संचालक तथा कर्मचारीहरुलाई आवश्यक तालिम एवं जानकारीको व्यवस्था गर्नु पर्नेछ ।

११. **अनुगमन तथा नियमन:**

(१) वित्तीय जानकारी इकाइले सम्पत्ति सुद्धिकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन तथा सो अन्तर्गत जारी भएको नियम, विनियम, निर्देशन वा आदेश बमोजिम भए नभएको सम्वन्धमा समय समयमा अनुगमन गर्न गराउन सक्नेछ ।

(२) उपदफा - १ बमोजिम अनुगमन गर्दा गराउदा आवश्यक सम्पूर्ण सहयोग गर्नु गराउनु क्यासिनोको कर्तव्य हुनेछ ।

१२. **गोप्यता भङ्ग गर्न नहुने:**

क्यासिनो वा सोको कुनै पनि कर्मचारी, पदाधिकारी वा प्रतिनिधिले वित्तिय जानकारी इकाईलाई प्रदान गरेको सूचना, जानकारी, अनुसन्धान तथा तहकिकातको

सिलसिलामा वा आफ्नो कर्तव्य पालन गर्दा ज्ञात हुन आएको कुनै पनि तथ्य वा दाखिला भएको कुनै लिखतको गोप्यता प्रचलित कानूनले बाध्य गरेको अवस्थामा बाहेक अन्य अवस्थामा भङ्ग गर्नु वा ग्राहक लगायत अन्य कोही कसैलाई कुनै पनि तरिकाबाट जानकारी दिनु हुदैन ।

१३. **जरिबाना र कारवाही**:

(१) सम्पत्ति सुद्धिकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ तथा सो अन्तर्गत जारी भएको नियम, विनियम, निर्देशन वा आदेश बमोजिम तोकिएको समयमा वित्तीय जानकारी इकाईलाई जानकारी उपलब्ध नगराउने क्यासिनोलाई उक्त ऐनको दफा ३१ बमोजिम वित्तीय जानकारी इकाईले जरिबाना गर्न सक्नेछ ।

(२) सम्पत्ति शुद्धीकरण (मनीलाउण्डरीङ्ग) निवारण ऐन वा सो अन्तर्गत जारी नियम, विनियम, निर्देशन वा आदेशको उल्लंघन गर्नेलाई सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरीङ्ग) निवारण ऐन, २०६४ बमोजिम कारवाही समेत हुनेछ ।

नोटः विवरण पठाउदा देहाय बमोजिमको ठेगानामा पठाउनु पर्नेछ ।

नेपाल राष्ट्र बैंक
वित्तीय जानकारी इकाइ
बालुवाटार, काठमाण्डौ
फोनः ४४१९८०४,४४१९८०५,४४१९८०७ (Ext. ४१४,४१७,४१८)
फ्याक्सः ४४४१०५१
इमेलः reportfiu@nrb.org.np

अनुसूची - १

ग्राहक परिचय सम्बन्धी प्रक्रिया

(क) स्पष्ट नाम, थर, वतन (मुलुक सहित),

(ख) राहदानी तथा प्रवेशआज्ञा, नागरिकताको प्रमाणपत्र वा राष्ट्रियता खुल्ने परिचयपत्र मध्ये कुनै एकको प्रतिलिपि ,

(घ) स्थायी/अस्थायी सहित पत्राचार गर्न सकिने पूर्ण ठेगाना,

(ङ) टेलिफोन नम्बर (भएमा उल्लेख गर्ने),

(च) रकम वा मुल्यको श्रोत,

(छ) रकम वा मुल्य ल्याएको माध्यम र सोको प्रमाण,

(छ) जितेको वा फिर्ता रकम लाने माध्यम,

(ज) ऐन बमोजिम क्यासिनो आफैले आवश्यक ठानेका अन्य कागजात तथा विवरण, र

(झ) आवश्यक परेमा ग्राहकसँग व्यक्तिगत अन्तरवार्ता लिन सक्ने ।

अनुसूचि -२

Threshold Transaction Report (TTR) Form for Casinos

Name of Reporting Institution:

S.N.	Name and Address of the Customer (with numbers of passport & visa or citizenship, or national Id, Rasan card, etc.)	Date of Play	Source of Amount	Amount Won/Losed	Remarks

Signature :
(Chief/Authorized Officer)
Name :
Designation :
Phone :
Email :
Fax :
Date :

अनुसूचि -३

Suspicious Transaction Report and
Internal Record Form for Casino

Name of Reporting Institution:

S.N.	Name and address of the Customer(with numbers of passport & visa or citizenship, or national Id, Rasan card, etc.)	Date of Play	Source of Money	Amount Involved in NPR	Reasons to be Suspicious	Signature for Internal Recording	Remarks

Submitting Signature :
(Chief/Authorized Officer)
Name :
Designation :
Phone :
Email :
Fax :
Date :